# मुगुम कार्मारोङ गाउँपालिका
# स्वास्थ्य तथा सरसफाई नीति २०७७

## १. पृष्ठभूमि

नेपालको संबिधान २०७२ ले नागरिकको मौलिक हकको रुपमा आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको अवस्थामा यस गाउँपालिका सबै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आकस्मिक स्वास्थ्य सेवा पुऱ्याउने र आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ । यसका लागि यस गाउँपालिकाले स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, औषधी, उपकरण, जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाह गर्नुपर्नेछ ।

` स्वास्थ्य र बिकास एक अर्कामा अन्तर सम्बन्धित बिषयहरु हुन । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । यस गाउँपालिकाका गरिब, दुरदराजका नागरिकहरु अझै पनि अत्यावश्यक स्वास्थ्य सुविधाबाट बञ्चित रहेको अवस्था छ । गुण्स्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई यस गाउँपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ ।

यस गाउँपालिका भित्र नवजात शिशु तथा मातृ स्वास्थ्यमा उल्लेख्य सुधार ल्याई मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभुत ा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु यस गाउँपालिकाले दायित्वबोध गरेको छ ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुदृढ गर्दै विद्यमान तथा नयाँ आउन सक्ने संभावित चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर गाउँपालिका बासीको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापना गर्न गाउँपालिका भित्रका स्वास्थ्य, खानेपानी-सरसफाई तथा पोषण सम्वन्धि आवस्यकता र विद्यमान अवस्थाका आधारमा प्रस्तुत ***मुगुमकार्मारोङ्ग गाउँपालिका स्वास्थ्य सरसफाइ नीति, २०७७*** तयार गरिएको छ ।

## २. विगतमा गरिएका प्रयासहरु :

राष्ट्रिय र प्रादेशिक नीतिहरुका आधारमा नेपालमा स्वास्थ्य क्षेत्रमा धेरै सफलता प्राप्त भएका छन यद्यपी हालका स्वास्थ्यका सूचकहरुमा सन्तुष्ट हुने अवस्था छैन, स्वास्थ्य सुचकहरुमा भएको प्रगतिमा क्षेत्रिय, जातिगत तथा आर्थिक अवस्थाहरुको आधारमा हेर्दा अझै धेरै भिन्नताहरु छन् । दुर्गम क्षेत्रका, गरिब, लक्षित उमेर समुहका, शारीरिक तथा मानसिक रुपमा अशक्त नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिदै आएको छ तापनि स्वास्थ्य सेवाको समतामुलक पहुचको सुनिश्चितताको लागी अझ धेरै प्रयासहरु गर्नुपर्ने अवस्था छ ।

## ३. गाउँ/नगरपालिकाको बर्तमान अवस्था

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | गाउँपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | |
| १. | नवजात शिशु मृत्यु दर | ० | ५२ | ० | ० | ० | | |

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | गाउँपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | |
| २. | संस्थागत प्रशुतीको प्रतिशत | ६१.२ | ७३ | ३३.८ | २४.४ | | ९० | |
| ३. | मातृ मृत्यु दर | ० | १३ | २ | ० | ० | | |
| ४. | जन्मदा कम तौल भएर जन्मिएका बच्चाहरूको प्रतिशत | ० | ५.१ | २ | २ | ०.७७ | | |
| ५. | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ८१ | ८६ | ३२६.८ | ९९.७ | ९९.७ | | |
| ६. | प्रोटोकल अनुसार कम्तिमा ४ पटक गर्भ जाँच गराएका महिलाहरुको प्रतिशत | ५६.५ | ६२ | २६.९ | ३८.२ | २६.९ | ९० | |
| ७. | प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गराएका महिलाहरुको प्रतिशत | १६.३ | २४ | २०.८ | १२.२ | ६.२ | ९० | |
| ८. | बिवाहित महिलाहरुमा परिवार नियोजनको साधनका नयाँ प्रयोगकर्ता | १२ | १८ | २०.८ | १९.२ | २७.२ | ६० | |
| ९. | क्षयरोगको नयाँ बिरामी दर | १०६.२ | ८४ | ७९.६ | १५.६ | ३०.७ | | |
| ❖ गाउँपालिका स्वास्थ्य प्रोफाईल, २०७६/७७ | | | | | | | | |

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिए तापनि यस गाउँपालिकामा राष्ट्रिय स्तरमा भएको प्रगतिसंग तुलना गर्दा सन्तोषजनक अवस्था छैन र स्वास्थ्य क्षेत्रका चुनौतीहरू अझै थुप्रै छन्। केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन्।

**४. गाउँपालिकामा बिद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरूः**

- यस गाउँपालिका भित्र भौगोलिक बिशिष्टता र समतामुलक हिसाबले स्वास्थ्य संस्थाहरुको व्यवस्था हुन नसकेकोले सबै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुग्न सकेको छैन।

- मौजुदा स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएको र न्यूनतम पुर्वाधार सहितको रोगनिदान र उपचार सेवा समेत उपलब्ध हुन सकेको छैन ।
- मौजुदा स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरु पूर्ति हुन सकेका छैनन् । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद काम गर्ने वातावरण सृजना गर्नु पर्नेछ ।
- भौगोलिक विकटता, औषधि भण्डारण ब्यवस्था (स्थान, कोल्डचेन आदि) को अभाव जस्ता कारणले गुणस्तरीय औषधिको आपुर्ति, वितरण र उपलब्धता सहज र पहुँच योग्य हुन सकेको छैन । प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधि उपकरण पुर्याउन र दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकलाई समुचित मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पर्ने अवस्था छ ।
- गाउँपालिकामा नसर्ने खालका रोगहरु जस्तै क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरुको रोकथाम र नियन्त्रण गर्नु जरुरी भएको छ ।
- गाउँपालिका भित्र रहेका पिछडिएका, गरीव, असहाय, अति दुर्गम भेगका नागरिकहरुका लागि स्वास्थ्य उपचार महगों पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महंगो भई परिवार नै आर्थिक जोखिममा परि गरीबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकि घरैमा बसि मृत्युवरण गर्नु परेको अवस्था पनि विद्यमान छ ।
- गाउँपालिकाका नागरिकहरुमा गरीवी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जस्का कारण बेलाबखत झाडापखाला, हैजा, ज्वरो जस्तो महामारी फैलने गरेको छ ।
- भौगोलिक बिकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्न जान समेत कठिन भएकै कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृस्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन । अझै पनि यस गाउँपालिकाका अधिकांश महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ भने मातृ तथा नवजात शिशु र पाँच वर्ष मुनीका बालबालिकाको मृत्यु पनि तुलनात्मक रुपमा उच्च रहेको छ ।
- यस गाउँपालिकाका जडिबुटी एवं आयूर्वेदिक उपचार पद्दतीको प्रयाप्त मात्रामा सदुपयोग पनि हुन सकेको छैन ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्दधनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा लगानी कम भएक,ो लगानीको समुचित सदुपयोग नभएको, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- स्वास्थ्य सेवाको पहुच पुऱ्याउनु र नागरिकलाई उचित मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- नेपालको संबिधान २०७२ ले प्रदान गरेको निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारको समुचित ब्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरि पहुँच बृद्धि गर्ने कार्य यस गाउँपालिका परिवेशमा चुनौतिपूर्ण रहेको छ ।
- यस गाउँपालिका भित्र आवश्यकता अनुसार ठाउँमा र नागरिकको हित हुने गरी स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागीता बढ्न सकेको छैन । गैह्र सरकारी क्षेत्रको लगानीलाई पारदर्शि, प्रभावकारी एवम थप ब्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ ।

- भौगोलिक हिसावले देश कै ठुलो तर कुल ग्राहस्थ उत्पादनका हिसावले सवैभन्दा कमजोर गाउँपालिका हुनु, जनताको शैक्षिक तथा चेतनाको स्तर न्यून रहनु, पुर्वाधारका बिकास मेरुदण्ड मानिने सडक विजुली, टेलिफोन, शुद्ध तथा पर्याप्त खानेपानिको समुचित व्यवस्था हुन नसक्नु, आधुनिक चिकित्सा पद्दतीमा दुर्गम भेगका नागरिकहरुले विश्वास कम रहनु र परम्परागत धामी, झाक्रिको अभ्यास गर्नु, र अपर्याप्त सरकारी/निजी लगानी जस्ता चुनौतिहरु विद्यमान रहेका छन् ।

**५. गाउँपालिका नीतिको निर्देशक सिद्धान्त तथा उदेश्यहरु**

माथि उल्लेखित समस्या, चुनौती तथा औचित्यका आधारमा गाउँ/नगरपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा गाउँ/नगरपालिकाको स्वास्थ्य नीति, २०७५ को कार्यान्वयन गरिनेछ ।

**निर्देशक सिद्धान्त**

- आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार
- समतामूलक र सामाजिक न्यायमा आधारित  स्वास्थ्य सेवा
- सार्वजनिक निजी साझेदारी
- वैकल्पिक चिकित्सा पद्धतीको संरक्षण, प्रवर्धन तथा अनुसन्धान
- समानता र जवाफदेहिता, नागरिकको सहभागिता
- बहुक्षेत्रीय समन्वय र सहकार्य

## ५.१ भावी सोच (Vision)

गाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

## ५.२ ध्येय (Mission)

- संघ तथा प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।
- उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग गरी सरोकारवाला सम्बन्धित संघीय मन्त्रालय, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

## ५.३ लक्ष्य (Goal)

समतामुलक, न्यायसंगत तथा जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गाउँ/नगरपालिकाका सवै नागरिकहरुलाइ गुणस्तरीय,स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरी  उपभोगमा बृद्धि गर्ने ।

यस गाउँपालिकाका सवै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने

## ५.४. उद्देश्यहरू (Objectives)

(क) गाउँ/नगरपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने,

**(ख)** गाउँ/नगरपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,

(ग) स्वस्थ जीवन शैली,सरसफाइ,व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवा मार्फत गाँउ/ नगरवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने,

(घ) स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, ब्यावस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने,

(ङ) स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

- यस गाउँपालिकाका नागरिकलाई सम्बिधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने
- प्रत्येक नागरिकले सबै तहबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,
- स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारी जनसहभागिता प्रवर्द्धन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

**६. नीतिहरु**

गाउँपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँ/नगरपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

६.१. गाउँपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।

६.२ गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

६.३ गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको रोकथाम र उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखिनै व्यवस्थापन गरिनेछ ।

६.४ गाउँपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन एक अस्पताल संचालन गर्ने साथै जनसंख्या र भूगोलका आधारमा आधारभूत स्वास्थ्य केन्द्र, सामुदायीक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्रहरु बृद्धि गर्दै स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन र प्रविधि मैत्री स्वास्थ्य उपकरण तथा पूर्वाधारको ब्यवस्थापन गरिनेछ ।

६.५ मातृ मृत्यु, नवजात शिशु मृत्यु र बालमृत्यु घटाउन सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ ।

६.६ गाउँपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।

६.९ “स्वास्थ्य अनुसन्धान” लाई गुणस्तरीय र थप व्यवस्थित बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई यस गाउँपालिका नीति, रणनीति र योजना बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।

६.१० गाउँपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बन्चितीमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ ।

६.११ सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तर सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।

६.१२ सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावबारी रुपमा परिचालन गरिने छ ।

६.१३ जनस्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी बृद्धि गर्दै संघीय, प्रदेश सरकार तथा निजी लगायत अन्य लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।

६.१५ स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र जनताको स्वास्थ्य सूचनाको हक सुनिश्चित गर्दै स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।

६.१६ यस गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई प्रबर्धन गरिनेछ ।

६.१७ गाउँपालिका भित्र जन्म, मृत्यु, बसाइ सराई जस्ता ब्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित गरि गाउँपालिकाको जनसँख्या ब्यवस्थापनका कार्यहरुमा उपयोग गरिनेछ ।

**७. नीति अर्न्तगत रणनीतिहरुः**

**नीति १. गाउँपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।**

- यस गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईनेछ ।
- भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिदै लगिनेछ ।
- गाउँपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना लागू गरिनेछ ।
- गाउँपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

**नीति २ . गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।**

- संघीय र कर्णाली प्रदेश सरकारसंग समन्वय गरी यस गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना र संचालन गरिनेछ ।
- यस गाउँपालिका भित्रका साबिकका अस्पतालहरु स्तरोन्नती गरी विशेषज्ञ सेवा विस्तार गरि निदान तथा उपचार पद्दती सुदृढ गरिने छ ।
- गाउँपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि सामुदायीक स्वास्थ्य इकाइ, बर्थिङ सेन्टर तथा रोभिङ अ.न.मी, बिद्यालय नर्स कार्यक्रम. मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।
- नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ । गाउँपालिकाका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ

**नीति ३. जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको निदान र उपचारलाई प्राथमिक स्वास्थ्य सेवा देखिनै व्यवस्थापन गरिनेछ ।**

- सुर्तिजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहीत गरिने छ ।

- सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक वस्तु किनवेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ। यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी कानून बनाई कडाईकासाथ कार्यान्वयन गरिनेछ।
- तोकिए बमोजिमका अवस्थाहरुको समयमा पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत आबश्यक स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाह (Uterine Prolepses, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear, Mammography) आदि सेवा उपलब्ध गराईनेछ।
- बढदो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर Mental Health Clinic संचालन गरिनेछ।
- Package of Essential Noncommunicable (PEN) Package लाई न्युनतम पनि सबै स्थानीय तहमा लागू गरिने छ।
- उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ।
- स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू स्थानीय निकायसंग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ।
- खोपबाट बचाउन सकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ, यस गाउँपालिकालाई पूर्णखोप सुनिश्चित गाउँ/नगरपालिका घोषणा गरिनेछ।

**नीति ४. गाउँपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ।**

- गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार चिकित्साजन्य फोहोरमैला बिसर्जन् सेवाको व्यवस्था गरिने छ।
- आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन सामुदायिक स्वास्थ्य ईकाई, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईने छ। साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार ५ बर्ष भित्र क्रमागत रुपमा व्यवस्था गरिने छ।
- गाउँपालिकामा मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इन्जिनियरीङ प्रयोगशाला, क्षयरोग MDR होस्टेल लाई क्रमश: स्थापना गरि ब्यवस्थित रुपमा संचालन गरिनेछ।
- प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान शुरुगरि क्रमागत रुपमा बिस्तार गरिने छ।
- नया संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि विशेष गरि नि:शुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, सर्प दंश भेनम, एच.आइ.भी, क्षयकुष्ठ आदि रोगहरूको औषधीको प्रभावकारी आपुर्ति व्यवस्थापन गरिनेछ।
- गाउँपालिकामा आयूर्वेद बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमश: एकद्वार प्रणाली मार्फत सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरिनेछ।

**नीति ५. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने रणनीति अवलम्बन गरिने छ।**

- राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार गाउँपालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण संग सम्बन्धीत कार्यक्रमलाई वडा संग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने व्यबस्था मिलाइने छ।

- स्वस्थ बिद्यालय बाताबरण, बिद्यालय पोषण (दिवा खाजा) Deworming स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि स्कूल नर्स कार्यक्रम लागू गरिनेछ ।
- मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्षहरु तय गरि आवधिक कार्ययोजनाहरु तयार गरि लागू गरिनेछ ।
- सामुदायीक स्वास्थ्य इकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई व्यवस्थित र प्रभावकारी बनाई सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन, तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।
- बर्थिङ सेन्टरहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात कर्नर ( Stablization center, Specialsized Newborn Care Unit, / Newborn Intensive Care Unit) को सुबिधा उपलब्ध गराइनेछ ।
- नवजातशिशु तथा बाल रोगको एकिकृत ब्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको आपतकालिन स्वास्थ्य पूर्व तयारी योजनामा मातृ, नवजात शिशु र बालबालिकाको स्वास्थ्य सेवाको निरन्तरतालाई प्राथमिक अवयबको रुपमा लिइनेछ ।

**नीति ६. गाउँपालिका भित्र स्वास्थ्यको लागि जनशक्तिको व्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।**

- विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार हुने गरी यस गाउँपालिका स्तरीय आवधिक स्वास्थ्य जनशक्ति गुरुयोजना निर्माण गरि लागू गरिनेछ । संस्थाहरुमा भएको पुनरावलोकन गरिने छ ।
- बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती ब्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ ।
- जवाफदेहिपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा यस गाउँपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई टिकाउनका लागि प्रोत्साहित गरिनेछ ।
- यस गाउँपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित व्यवस्थापनको लागि बृत्ति बिकास प्रणालीद्धारा ब्यवस्थित गरिनेछ ।
- स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दि जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।

**नीति ८. गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।**

- सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधी आपुर्तिको व्यवस्था मिलाइनेछ । औषधिको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन नियमन गरिनेछ ।
- स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सुची तयार गरि औषधि उपकरण खरिद गर्दा यस गाउँपालिका तथा स्वास्थ्य संस्था वा वडाले खरिद गर्नै औषधिको छुट्टा छुट्टै सुची तयार गरि ब्यवहारमा ल्याइनेछ ।
- दुर्गम क्षेत्रमा सुलभ औषधी पसल बिस्तार गर्न प्रोत्साहन गरिनेछ र स्वास्थ्य संस्थाहरुमा अस्पताल फार्मेसी थप व्यवस्थित गरिने छ ।
- प्रतिकारात्मक संभार, बिक्रि उपरान्त संभार आदी सिद्धान्तलाई ब्यवहारिक रुपमा लागु गरिनेछ । उपकरणहरुको मर्मत तथा सम्भारकालागि प्रादेशिक निकायसँग समन्वय गरिनेछ

**नीति ९. स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्इ अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई यस गाउँपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।**

- आवधिक रुपमा आयोजना गरी गाउँपालिका भित्र स्वास्थ्य सम्बन्धि सूचना व्यवस्थित गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी वा अनुसन्धानकर्तालाई प्रोत्साहित एवं प्रवर्धन गर्न उत्कृष्ट अनुसन्धानकर्ता एवं संस्थालाई पुरस्कृत गरिनेछ ।
- गाउँपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समय बद्धता र पूर्णतामा निगरानी गरि गुणस्तरीय बनाइनेछ ।
- गाउँपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुमा Internet को पहुँच बिस्तार गरि स्वास्थ्य संस्थाहरुबाट नै Online reporting लाई बिस्तार तथा नियमित गरिनेछ ।

**नीति १०. गाउँपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तै अति बिपन्न, ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।**

- गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री, किशोरकिशोरी मैत्री बनाईने छ् । समुदायस्तरमा जेष्ठ नागरिक नमूना दिवा सेवा केन्द्र स्थापना एवं विस्तार गरिने छ ।
- छाउपडी, कम उमेरमा बिवाह गर्ने र कम उमेरमै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा प्रतिकुल असर पर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपथितिमा निरन्तरता दिन dignity kit उपलब्ध गराइनेछ ।
- अपांगहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था गरिने छ साथै स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा अपांगमैत्री बनाईने छ । प्यालियटिभ सेवाको पनि क्रमश: शुरुवात गरिनेछ ।
- प्रेषण प्रणालीलाई थप प्रभावकारी बनाईने छ र सहजीकरण गरिने छ । दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरुको सहजिकरण गरिने छ ।
- लैंगिक हिंसामा परेका, वेवारिसे जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा गाउँपालिका पुर्नस्थापना केन्द्र स्थापना एवं संचालन गरिने छ । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रको सुद्धिढीकरण एवं विस्तार गरिने छ ।
- रिफरल अस्पतालहरुमा सामाजिक सेवा इकाई स्थापना गरी प्रभावकारी ब्यवस्थापन गरिनेछ ।

**नीति ११. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।**

- निजी स्वास्थ्य सेवा  प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको लागी मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दता गर्ने, संचालन अनुमति दिने तथा तथा नियमन् गर्ने व्यवस्था मिलाईने छ ।
- एक जना जनस्वास्थ्य निरिक्षकको व्यवस्था गरी वातावरणीय सरसफाइ, सुर्ति जन्य तथा मदिरा नियन्त्रण, खाद्य स्वच्छता, औषधी समुचित प्रयोग, समुचित उपचारको नियमन गर्ने र कार्बाही गर्ने व्यवस्था गरिने छ ।
- गाउँपालिकाभरिमा सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न एक निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।
- यस गाउँपालिका प्राज्ञिक, पेशागत तथा व्यवसायिक संघ संस्थाहरु संचालन सम्वन्धी बनेका गाउँपालिका, प्रादेशिक तथा राष्ट्रिय नियम र मापदण्ड अनुसार दर्ता, नवीकरण, संचालन, अनुगमन र नियमन गरिनेछ ।
- सबै तहका स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड तयार गरी प्रभावकारी किसिमले लागु गरिनेछ ।

**नीति १२. सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावबारी रुपमा परिचालन गरिने छ ।**

- तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने व्यवस्था मिलाइनेछ । गाउँपालिकाले तोकिएका स्वास्थ्य संस्था तथा बर्थिडहरुबाट २४ घण्टा आकस्मिक सेवा प्रवाह हुनेछ ।
- गाउँपालिका भित्र सरकारी, निजी, सामुदायीक रुपमा संचालन हुने एम्बुलेन्स एवं सब बाहन् सेवालाई निर्देशिका एवं मापदण्ड तयार गरी व्यवस्थित तरिकाले संचालन गर्ने व्यवस्था मिलाईने छ । यसको उपलब्धता बढाउनुका साथै शुल्कमा नियमन गरिने छ ।
- गाउँपालिका आपतकालीन स्वास्थ्य पूर्वतयारी योजना बनाईनेछ र गाउँपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीको जगेडा ( Buffer Stock) को रूपमा राखिनेछ ।
- प्राकृतिक प्रकोप, महामारी र दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्न गाउँपालिका स्तरीय समिति गठन गरिने छ । यस गाउँपालिका स्तरीय आकस्मिक स्वास्थ्य परिचालन केन्द्र (HEOC) / Early Warning Reporting System (EWARS) प्रभावकारी बनाईने छ ।
- दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्था परि संकटमा रहेका (सुत्केरी बेथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ ।
- संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल संचालित क्षयरोग, कुष्ठरोग, एड्स, किटजन्यरोग, सिक्कल सेल एनिमिया सम्बन्धी कार्यक्रम कार्यान्वनयनको स्थानीय निकायको समन्वयमा अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ र आवस्यकता अनुसार परिमार्जित गरिने छ ।
- संघीय तथा प्रादेशिक स्वास्थ्य संस्था जन्य फोहोरको व्यवस्थापन तथा बिसर्जन सम्बन्धि मापदण्डलाई यस गाउँपालिका स्तरमा प्रभावकारी रुपमा लागू गरिनेछ ।

**नीति १३. जनस्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी बृद्धि गर्दै संघीय सरकार कर्णाली प्रदेश सरकार तथा निजी लगायत अन्य लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।**

- औषधीको समूचित व्यवस्थापन र वितरणका लागि यस गाउँपालिका स्तरीय औषधी भण्डारणको (Medical Store) व्यवस्था गरिनेछ ।
- राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई गाउँपालिका भरि प्रबर्धन एवं विस्तार गरिने छ ।
- गाउँ/नगरपालिकाको कुल बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गर्ने साथै सो बजेट क्रमश बृद्धि गरिनेछ ।
- गरिव, असहाय, द्धन्द पीडित, राउटे तथा अन्य लोपोन्मुख जातीलाई यस गाउँपालिकाले परिचयपत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिने छ । उल्लेखित लक्षित समुदायलाई बिशेष स्वास्थ्य कार्यक्रम गरी पहुँच बृद्धि गरिनेछ । साथै त्यस्ता समुदायलाई स्वास्थ्य बीमामा समावेश गर्न उस गाउँपालिकाको सहुलियतमा स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिका भित्र गैर सरकारी तथा निजि क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन गरिनेछ ।

**निति १४. जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।**

- गाउँपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ

- समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ ।
- वडा समितिहरु संग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन र पैरवी गरिने छ ।
- वडा समितिहरु संग समन्वय र सहकार्य गरी दुर्गम बस्तीहरुमा स्वास प्रस्वास रोगको कारक मानिएको घरभित्र हुने धुँवा (Indoor pollution) नियन्त्रण गर्न सफा चुलो अभियान संचालन गरिने छ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त यस गाउँपालिकाबाट पूर्णसफा गाउँपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धारण , कार्यान्वयन र नियमन गरिनेछ
- जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट वचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

**निति १५. स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।**

- स्वास्थ्य सेवा प्रदायक व्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई गाउँपालिकाभरी प्रभावकारी रुपमा लागू गरिनेछ
- स्वास्थ्य सेवामा, स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित गरिने छ । स्वास्थ्यकर्मिलाई आफ्नो काम, कतब्य प्रति जवाफदेही बनाईने छ ।
- स्वास्थ्य सुशासन कायम गर्नको लागी सामाजिक परिक्षण नागरिक बडापत्र र बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यबस्था गरिनेछ छ । स्वास्थ्य सेवा सम्बन्धी सेवाग्राहीका गुनासो र सुझाव व्यवस्थापन को लागी पनि आवश्यक संयन्त्रको प्रयोग गरिने छ ।
- स्वास्थ्य संग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिनेछ ।
- यस गाउँपालिकाका समुदायको विशिष्ट संस्कृती संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाई स्वास्थ्यसम्बन्धि हकको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार संबन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**नीति १६. गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यबर्द्धक र स्थानिय स्तरमा उत्पादन हुने ( रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।**

- खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा बजारिया खाना (Junk Food) लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।
- अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ ।
- पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि पोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी साना किसान/व्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ ।

- बहु क्षेत्रीय पोषण कार्यक्रम, एकिकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरिनेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागी नियमन गरिने छ । कुनै पनि तैयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ ।
- दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थीति सुधार गरिनेछ ।

**नीति. १७. जनसंख्या ब्यवस्थापनलाई यस गाउँपालिका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।**

- यस गाउँपालिका भित्र जन्म, मृत्यु, बसाइ सराई जस्ता ब्यक्तिगत घटना दर्ता कार्यलाई ब्यवस्थित गरिनेछ ।
- जनसंख्या सम्बन्धित सूचनालाई बिकास आयोजना तर्जुमा गर्दा र कार्यक्रम बिकास गर्दा प्रमुख रुपमा उपयोग गरिनेछ ।
- हरेक बालबालिको अनिवार्य जन्मदर्ता समयमै गर्ने गराउने ब्यवस्था गरि ५ बर्ष सम्म ट्रयाकिंग गरिने छ ।
- समुदायस्तरमा भएको हरेक नवजात शिशु एवं मातृमृत्युको कारण पहिचान गर्न मृत्युपश्चात गरिने भर्बल अटप्सि विधिलाई पद्धतीबद्ध गरिनेछ ।
- मौसमी बसाई सराई, श्रम बसाई सराई, यार्सा एवं जडिबुटी संकलन समयको लागि आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत प्रदान गरिने छ ।
- वडा समितिहरुसँग समन्वय गरि दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान गर्ने, एकिकृत बस्ती विकासकोलागि अध्ययन एवं पैरबी गर्नुका साथै वस्ती विकास योजना तर्जुमा गरी संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा वस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइनेछ ।
- स्वस्थ्य, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा ब्यवस्थित परिवार एवं परिवार नियोजन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ ।

## ८. संस्थागत संरचना

- नीति कार्यान्वयनका लागि गाउँपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अर्न्तगत सेवा प्रवाहका लागि गाउँपालिका स्तरमा १५ शैयाको अस्पताल स्थापना गरिनेछ र मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिलक कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु, क्षमता अभिवृद्धिका लागि समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार सामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

## ९. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः गाउँपालिका सामाजकि विकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न गाउँपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो

नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## १०. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूल्यांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि गाउँपालिका स्वास्थ्य ऐन तर्जुमा गरिनेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाउने छ । यही कार्यायेजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## १२. जोखिम

राज्ये पुनःसंरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकांक्षा, गाउँपालिका संस्थागत बिकासको चरणमा रहेको, सिमित साधन र स्रोत, गाउँपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र बिकासको मुद्दाका रुपमा स्थापीत गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन । यद्यपी उल्लेखित जोखिमको बाबजुद गाउँपालिकावासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न मुगुमकामारोङ्ग गाउँपालिकाको स्वास्थ्य नीति २०७७ को प्रभाबकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।